बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुडे, मकवानपुर, बागमती प्रदेश, नेपाल

महेश श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

# बकैया गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हात्तीसुडे, मकवानपुर, बागमती प्रदेश, नेपाल

## ढुङ्गा, गीटी, बालुवा, ग्राभेल आदी नदिजन्य पदार्थ संकलन र बिक्रि गर्ने सम्बन्धि सूचना

## दोस्रो पटक प्रकाशित मिति : २०७९/११/०८

बकैया गाउँपालिका अन्तर्गत जिल्ला समन्वय समिति मकवानपुरको मिति २०७९/०६/०९ गतेको निर्णयबाट यस गाँउपालिका अन्तर्गत विभिन्न फर्महरुको नदिजन्य पदार्थ ढुङ्गा, गीट्टी, बालुवा, ग्राभेल आदी ओभर स्टक मौज्दात परिमाण देखिएकोले सो परिमाण बराबरको बिक्री सम्बन्धि कार्य गर्न यस गाँउपालिकाको मिति २०७९/०९/०५ को कार्यापालिकाको निर्णयानुसार सिलबन्दी दरभाउ पत्रमार्फत आ.व.२०७९/०८० को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र कोलो सूचिमा नपरेको स्वःघोषणा पत्र सहित रितपूर्वको सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

**प्याकेज १. संकलन परिमाण स्थल ( वडा नं ४ को घाटगद्दि गरिएको विभिन्न स्थानहरुबाट साथै शिव भक्ति पार्वति बालुवा उद्योगबाट)**

| सि. नं. | ठे.नं. | अधिकतम परिमाण घ.मि | न्युनतम ठेक्का अंक (मु.अ.क. सहित) | धरौटी रकम | सिलबन्दी दरभाउ दस्तुर | सिलबन्दी दरभाउ खरिद गर्ने अन्तिम मिति | सिलबन्दी दरभाउ दाखिला गर्ने अन्तिम मिति | सिलबन्दी दरभाउ खोलिने गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | BRM/NCBR/ 03/079-080 | ११७२९ | ४१,४०,३३७ | कबुल अंकको ५% | ३००० | २०७९/११/ १५ | २०७९/११/१५ | २०७९/११/१५ |

**प्याकेज २. संकलन परिमाण स्थल (वडा नं ५ को घाटगद्दि गरिएको विभिन्न स्थानहरुबाट साथै बकैया ठाँकुर बालुवा उद्योगबाट)**

| सि. नं. | ठे.नं. | अधिकतम परिमाण घ.मि | न्युनतम ठेक्का अंक (मु.अ.क. सहित) | धरौटी रकम | सिलबन्दी दरभाउ दस्तुर | सिलबन्दी दरभाउ खरिद गर्ने अन्तिम मिति | सिलबन्दी दरभाउ दाखिला गर्ने अन्तिम मिति | सिलबन्दी दरभाउ खोलिने गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | BRM/NCBR/ 03/079-080 | १५६६२ | ५५,२८,६८६ | कबुल अंकको ५% | ३००० | २०७९/११/ १५ | २०७९/११/१५ | २०७९/११/१५ |

**प्याकेज ३. संकलन परिमाण स्थल (वडा नं ५ को घाटगद्दि गरिएको विभिन्न स्थानहरुबाट (न्यू दिपशिखा निर्माण सेवाले घाटगद्दि गरेको पावस र कर्मचुलिको बिच भागको स्थानमा)**

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
बाग्मती प्रदेश, नेपाल

महेश श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | ठे.नं. | अधिकतम परिमाण घ.मि | न्युनतम ठेक्का अंक(मु.अ.क. सहित) | धरौटी रकम | सिलबन्दी दरभाउ दस्तुर | सिलबन्दी दरभाउ खरिद गर्ने अन्तिम मिति | सिलबन्दी दरभाउ दाखिला गर्ने अन्तिम मिति | सिलबन्दी दरभाउ खोलिने गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | BRM/NCBR/03/079-080 | ४५००५ | १,५८,८६,७६५ | कबुल अंकको ५% | ३००० | २०७९/११/१५ | २०७९/११/१५ | २०७९/११/१५ |

शर्तहरु :

१) सिलबन्दी दरभाउ पेश गर्ने फर्मले बोलपत्र दस्तुर बापतको रकम यस गाउँपालिकाको प्रभु बैंक, हात्तीसुँडेको आन्तरिक राजश्वखाता नं. २५३७०८८४९२०००२८ मा जम्मा गरेको सक्कल भौचर वा कार्यालयमा नगद दाखिला गरेको रसिद सहित फर्मको इजाजत पत्र, मु.अ.कर दर्ताको प्रमाणपत्र, आ.व.२०७८/७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

२) ठेक्का अवधि, ठेक्का सम्झौता भएको मिति देखि २०७९ चैत्र मसान्त सम्म हुनेछ ।

३) सिलबन्दी दरभाउपत्र सबै प्याकेजको लागि एउटै वा आवश्यकता अनुसारको खरीद गर्न सकिनेछ र मूल्याङ्कन गर्दा हरेक प्याकेजको छुट्टा छुट्टै हुनेछ।

४) सिलबन्दी दरभाउ मिति २०७९।११।१५ गते दिनको १२:०० बजे सम्ममा hardcopy मार्फत दर्ता गर्न सकिनेछ। र दर्ता भएका बोलपत्रहरु मिति २०७९।११।१५ गते दिनको १:०० बजे यस कार्यालयमा प्रतिनिधिहरु र बोलपत्रदाताहरुको रोहवरमा खोलिनेछ।प्रस्ताव खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । साथै सिलबन्दी दरभाउ खरिद एवं दर्ता गर्ने अन्तिम दिन सार्वजानिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमशः बोलपत्र खरिद एवं दर्ता गर्ने अन्तिम दिन मानिने छ।यस बोलपत्र दर्ता तथा खरीदको लागि यस कार्यालयबाट तोकिएको राजस्व तिरी hardcopy उपलब्ध गराउने व्यवस्था गरीएको छ।

५) बोलपत्रदाताले सिलबन्दी बोलपत्रसाथ आफुले कबोल गरेको अंक (मू.अ.क.सहित) को न्युनतम ५% ले हुन आउने धरौटी रकम बकैया गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको नाममा रहेको प्रभु बैंक, हात्तीसुडे शाखाको धरौटी खाता नं. २५३७०८८४९२००१२८ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बैंकले यस गाउँपालिका कायालयको नाममा जारी गरेको वोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन म्याद भएको विडबण्ड संलग्न गर्नु पर्नेछ।म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन।

६) बोलपत्रदाताहरुले कबोल गरेको रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

७) सिलबन्दी दरभाउको प्रत्येक पानामा फर्मको छाप र आधिकारीक व्यक्तिको हस्ताक्षर भएको हुन पर्नेछ।

८) बोलपत्र स्वीकृती भएको जानकारी पाएको १५ (पन्ध्र) दिन भित्र प्रस्ताव दाताले पहिलो किस्ता बापत ५०% ले हुने रकम मू.अ.कर सहितको रकम प्रभु बैंक, हात्तीसुँडे शाखाको स्थानीय तह विभाज्य कोष खाता न. २५३७०८८४९२००१५८ खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ। बाँकी किस्ता रकम चालु आ.व. को चैत्र मसान्त भित्र मू.अ.क. सहितको रकम दाखिला गरी सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ।साथै सझौता अङ्कको ५०% ले हुने आउने रकम र सो को मु.अ.कर सहितको रकम नेपाल सरकारबाट मान्यता प्राप्त बैंकहरुबाट यस गाउँपालिका कार्यालयको नाममा सम्झौता मितिबाट सम्झौता अवधि सकिनु भन्दा कम्तीमा दुई महिना बढी म्याद भएको कार्य सम्पादन जमानत बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) संझौताको समयमा पेश गर्नु पर्नेछ।

९) यस सम्बन्धी सूचना यस कार्यालयको वेभसाईट www.Bakaiyamun.gov.np बाट समेत जानकारी लिन सकिनेछ।साथै यस कार्यालयको सूचना पाटीमा समेत टांस गरिएको छ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर

प्रमुख प्रशासकीय अधिकृत

१०) ठेक्का सम्बन्धी प्रिबिड मिटिंग मिति २०७९/११/१० गते दिउंसो २:०० बजे यसै कार्यालयमा हुनेछ ।

११) कुनै कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत / अस्वीकृत गर्ने अधिकार बकैया गाउँपालिकामा सुरक्षित रहनेछ ।

१२) उक्त निर्माण सामग्री झिक्नु पर्ने स्थलसम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन वा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्नेछ । साथै सो खर्च गाउँपालिकासंग दाबी गर्न पाउने छैन । ढुङगा, गिट्टी, बालुवा, ग्राभेल आदी निकाल्दा कुनै व्यक्ति वा निकायको निजी जग्गा भएर जान आउन पर्ने भएमा सम्बन्धित व्यक्ति वा निकायको स्वीकृति ठेकेदार आफैले लिनुपर्नेछ। नदीजन्य पदार्थ सामाग्री ओसारपसार गर्दाको समयमा सडकमा धुलो वा हिलो भई आवागमनमा असर गरेमा ठेकेदारले सडक मर्मत आफ्नै खर्चबाट गराउनु पर्नेछ।

१३) नदी जन्य पदार्थ संकलन गर्दा स्वीकृत IEE प्रतिवेदन, नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका नियमन सम्बन्धी प्रतिवेदन र कार्यविधिहरु, ढुंगागिटि, बालुवा, जिल्ला अनुगमन तथा समन्वय समितका निर्णयहरु तथा प्रचलित सम्बन्धित कानुनका व्यवस्थालाई पालना गर्नु प्रस्तावदाताको कर्तव्य हुनेछ।

१४) यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

१५) कुनैपनि बन्द, हड्ताल, प्राकृतिक प्रकोप आदि कारण देखाइ छुट वा मिनाहाको दावी गर्न पाइने छैन । नदीजन्य पदार्थ संकलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा बोलपत्र / दर भाउ पत्र दाता स्वंयले व्यवस्थापन गर्नु पर्नेछ तथा बकैया गाउँपालिकाबाट आवश्यक समन्वय गरिनेछ।

१६) संकलन गरिएको नदीजन्य पदार्थ नदी किनारा वा सार्वजनिक चौर / स्थानमा घाटगद्धी गर्न पाइने छैन, त्यसका लागि बोलपत्र / दरभाउ पत्रदाताले आफ्नो अलग्गै जग्गाको व्यवस्था गर्नु पर्नेछ।

१७) अन्य थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयको राजश्व शाखाको फोन नं. ९८५५०७३५३३ मा सम्पर्क राख्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत